## के बाइबलले महिलामाथि पुरूषको अधिकार छ भनी बताउँदैन र?

**अह, बताउँदैन!** अख्तियारको लागि नयाँ नियममा प्रयोग गएिको पहिलो ग्रीक शब्द एक्सोसिय *(exousia)* हो। यसको अर्थ "छनौट र निर्णय गर्ने शक्ति, क्षमताको शक्ति, प्रभावको शक्ति, शासन वा सरकारको शक्ति" हो। एउटा मुख्य खण्डलाई हेरौं जसले केही अनियोलता सृजना गरेको छ, १ कोरिन्थी ११:१०।

"यसैकारण र स्वर्गदूतहरूका खातिर पनि स्त्रीले आफ्नो शिर घुम्टोले ढाकेको (अख्तियारको चिन्ह) हुनुपर्छ।"

**मुख्य शब्द**

**ἐξουσία**

एक्सोसिय = **अधिकार**

**यो खण्ड स्वर्गदुतहरूको बारेमा होइन!**

एन्जिलस *angelous* शब्दको अर्थ "स्वर्गदूत" वा "गुप्तचर" हुन सक्छ (हेर्नुहोस् याकूब २:२५)। १ कोरिन्थी ११:१०मा, यदि पावलले "स्वर्गदूत" नै भनेको हो भने पावलले के कुरा गरिरहेका थिए भनेर कसैलाई थाहा छैन ! सायद, पावलले चर्चलाई निन्दाभन्दा माथि हुन भन्दै थिए किनभने विरोधी 'गुप्तचरहरु' चर्चमा गल्ती खोज्न चर्चमा प्रवेश गरिरहेका थिए। अव्यवस्थित वा असभ्य आचरणको परिणाम खराब प्रतिवेदन हुनेछ।

**यो खण्ड घुम्टोको बारेमा छैन!**

धेरै संस्कृतिहरूमा, महिलाहरूले टोपी, सल, दुपट्टा, वा अन्य शिर ढाक्ने घुम्टोहरू लगाउँछन्। कोरिन्थीहरूको सन्दर्भमा, कपाल र शिर छोप्ने सांस्कृतिक अर्थ थियो। "को चिन्ह" शब्दहरू ग्रीकमा पाइन्दैनन्। ग्रीक पाठले भन्छ, "स्त्रीको आफ्नै शिरमा (एक्सोसिया एपि) अधिकार हुनुपर्छ।" चर्चलाई राम्रो प्रतिष्ठा दिने गरी आफ्नो कपाल वा शिर ढाक्ने तरिकामा निर्णय गर्ने अधिकार ख्रीष्टियन महिलासँग छ।

### एक्सोसिया एपि Exousia Epi

*एक्सोसिया* शब्द नयाँ करारमा १०३ पटक प्रयोग गरिएको छ, र यो केवल १४ पटक निपात epi एपि (मा/माथि)* सहित प्रयोग भएको छ। सबै सुसमाचारका खण्डहरूमा येशूसँग सम्बन्धित *एक्सोसिया* शब्दहरू प्रयोग भएका छन्, जहाँ येशूले प्रकृति *माथि*, रोग *माथि*, भूतआत्माहरू आदि *माथि* आफ्नो अधिकार प्रदर्शन गर्नुभयो। त्यसैगरी, कोरिन्थका स्त्रीहरूले आफ्नै शिर *माथि* अधिकार अभ्यास गर्नुपर्छ। चर्चमा प्रार्थना वा अगमवाणी गर्दा सांस्कृतिक रूपमा येशूलाई *कसरी* सम्मान गर्ने भन्ने निर्णय गर्ने अधिकार स्त्रीहरूसँग छ (१ कोरिन्थी ११:५)।

## एक्सोसिया (exousia) = अधिकार

**कसलाई अधिकार छैन?**

त्यो अर्को पटक मात्र नयाँ करार, १ कोरिन्थी ७ अध्यायको ४ पदमा विवाहको सन्दर्भमा पुरूष र स्त्रीलाई उल्लेख गर्न एक्सोसिया(exousia) शब्दको प्रयोग भएको छ। पावलले एउटा अचम्मको कुरा गर्छ। उनले पति र पत्नी दुवैलाई एक-अर्काको शरीरमाथि अधिकार दिन्छ।

"पत्नीले आफ्नो शरीरमाथि **अधिकार राख्दिन**, तर उसको पतिले राख्छ।

यसरी नै पतिले पनि आफ्नो शरीरमाथि **अधिकार राख्दैन**, तर उसको पत्नीले राख्छे।"

के! पावल भन्छन् कि पति र पत्नी दुवैको एकअर्कोको शरीरमा अधिकार छ। चाखलाग्दो कुरा के छ भने, १ कोरिन्थी ७ अध्यायको सम्पूर्ण अध्यायमा, पावलले पति र पत्नी दुवैको आपसी कर्तव्य र समानान्तर जिम्मेवारीहरू देखाउँछन्।

## निष्कर्ष

येशूसँग स्वर्ग र पृथ्वीमाथिको सारा अधिकार छ (एक्सोसिया एपि) Exousia Epi। येशूले पुरूष र स्त्री दुवैलाई चेला बनाउने अधिकार दिनुहुन्छ। येशूले शक्ति साझा गर्नुहुन्छ, र हामीले पनि गर्नुपर्छ! *धर्मशास्त्रमा, एक्सोसिया exousia शब्द स्त्रीमाथि पुरूषको अधिकार व्यक्त गर्न कहिल्यै प्रयोग गरिएको छैन!*

*** एक्सोसिया एपि Exousia Epi को १४ प्रयोगहरु (...माथि अधिकार)**

मत्ती ९:६, मत्ती २८:१८, मर्कूस २:१०, लुका ५:२४, लुका ९:१, लूका १०:१९, प्रेरित २६:१७, १ कोरिन्थी १०:११, प्रकाश २:२६, प्रकाश ६:८, प्रकाश १३:७, प्रकाश १४:१८, प्रकाश १६:९।

**४ महत्वपूर्ण प्रश्नहरू**

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?